# सुनसरी जिल्ला अदालतबाट जारी भएको

## सूचना

कोरोना भाइरसको प्रकोप विश्वभर माहामारीको रुपमा फैलीदै गएको कारण हाम्रो देश पनि अछुतो रहन नसकेको कारण हाम्रो देशमा पनि मिति २०७६।१२।०९ देखि सेवा बन्द भई मिति २०७७।१२।११ देखि मिति २०७७।०४।०६ सम्म पटक-पटक लकडाउन गर्ने नेपाल सरकारले निर्णय गरे मुताविक यस अदालतबाट दैनिक रुपमा सञ्चालन भई रहेको सेवा प्रवाहमा अवरोध हुँदै आएको र नेपाल सरकारको मिति २०७७।०४।०६ को निर्णयले लकडाउन हटाउने भन्ने प्राप्त जानकारी अनुसार पुनः यस अदालतबाट सञ्चालित सेवा प्रवाहलाई पुर्व अवस्था जस्तै मिति २०७७।०४।०७ देखि सञ्चालनमा ल्याई निरन्तरता दिन सेवाग्राही र सेवा प्रवाहमा लाग्ने सम्बद्ध जनशक्तिले तपसीलका बुदाहरुमा उल्लेखीत कुराहरुलाई परिपालन गर्दै अदालतमा उपस्थित भई सेवा लिन हुन सबैमा जानकारी गराइन्छ ।

## सेवाग्राहीहरुले पालना गर्नुपर्ने कुराहरु

१) अदालत प्रवेश गर्दा गेटमा साबुन पानीले हातधुने, सेनीटाइजर प्रयोग गर्ने, थर्मल गनबाट अनिवार्य रुपमा ज्वरोको मापन गर्ने । रुघा, खोकी, ज्वरो आएका बिरामी अदालत प्रवेश नगर्ने ।

२) अदालत प्रवेश गर्दा र फाँटमा सेवा लिदा २ मिटरको दुरी कायम गर्ने र अनिवार्य रुपमा माक्स लगाएको हुनुपर्ने ।

३) अदालतबाट सेवा लिने सरोकारवाला बाहेक अन्यलाई प्रवेश गर्न नदिइने, सेवाग्राही भएको निस्सा लिई आउनु पर्ने ।

४) अदालत प्रवेश गरेपछि प्रतिक्षालयमा बस्नुपर्ने सुरक्षाकर्मि, अदालतका कर्मचारीबाट जानकारी लिई आ-आफ्नो फाँट तर्फ सेवा लिन जाने ।

५) भिडभाड भएमा दुरी कायम गरी आफ्ना पालो पर्खने ।

६) बन्दाबन्दीको अवधिमा गुज्रेको तारेख थाम्ने निवेदन दिई रहनु नपर्ने ।

७) कानून व्यवसायीहरुको फर्ममा बसी तारेखमा रहेका वारेशहरुलाई भीडभाड भएमा बिहान बेलुकी समय मिलाएर तारेख लिन आउने ।

८) वकालतनामा मिसिलमा रहेका कानून व्यवसायीले एकपटकसम्म आफ्नो पक्षलाई जानकारी गराउने गरी तारेख लिन सक्ने ।

९) लकडाउन शुरु भएको मिति सम्म गुज्रेको तारेख थाम्ने थमाउने म्याद बाँकी भएका र लकडाउनको अवधिमा तारेख तोकी एका वा म्याद तारेखमा हाजिर हुने अवस्थाका मुद्दाहरुमा लकडाउन खुलेको मितिले ३० दिन भीत्र हाजीर भई सक्नु पर्ने ।

१०) साक्षी बकपत्र र मुद्दाको पेशी मुद्दाका दुवै पक्षा हाजिर भएपछि मिति निर्धारण गरी नियमानुसार तोकिने ।

२०७७।४।६

जगेन्द्रकेशरी पोखरेल
प्रेस्तदार (उप-सचिव)